सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली
नेपाल

पत्र संख्या: २०७९/०८०
चलानी नम्बर: ४१८

मिति: २०७९/०५/१६

विषय- निजामती सेवा दिवस २०७९ मनाउने सम्बन्धमा ।

श्रीमान सचिवज्यू, सबै मन्त्रालय, सुदूरपश्चिम प्रदेश
श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू, जिल्ला प्रशासन कार्यालय, कैलाली
श्रीमान सचिवज्यू, प्रदेश सभा सचिवालय,
श्रीमान सचिवज्यू, प्रदेश लोकसेवा आयोग,
श्रीमान सचिवज्यू, प्रदेश नीति तथा योजना आयोग,
श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू, धनगढी उपमहानगरपालिकाको कार्यालय,
श्रीमान कार्यालय प्रमुखज्यू, मुख्य न्यायाधिवक्ताको कार्यालय,
श्री अध्यक्षज्यू, कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन, कैलाली।

प्रस्तुत विषयमा सुदूरपश्चिम प्रदेश सरकारका श्रीमान् प्रमुख सचिवज्यूको अध्यक्षतामा मिति २०७९/०५/१५ गते बसेको सचिव बैठकमा निजामती सेवा दिवस २०७९ मनाउने सन्दर्भमा तपसिल बमोजिमको निर्णयहरू भएकोले तहाँको जानकारी एवं कार्यालयसँग सम्बन्धित निर्णयहरू कार्यान्वयनका लागि निर्देशानुसार अनुरोध छ।

<u>तपसिलः-</u>

**निर्णय नं. १**

निजामती सेवा दिवस, २०७९ को अवसरमा विभिन्न कार्यक्रमहरु आयोजना गरी भव्यताका साथ मनाउने निर्णय गरियो।

**निर्णय नं. २**

प्रदेश भित्रका नौं वटै जिल्लामा रक्तदान, वृक्षारोपण, खेलकुद प्रतियोगितात्मक, कार्यालय परिसर सरसफाई, उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कार/सम्मान प्रदान गर्ने जस्ता रचनात्मक क्रियाकलाप सञ्चालन गरी सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वयमा निजामती सेवा दिवस, २०७९ लाई भव्यताका साथ मनाउन निर्देशन दिने ।

**निर्णय नं. ३**

निजामती सेवा दिवस, २०७९ मनाउने सम्बन्धमा देहायबमोजिमको मूल समारोह समिति गठन गर्नेः-

| | |
|---|---|
| प्रमुख सचिव, मुख्यमन्त्री तथा म.प. को कार्यालय | -संयोजक |
| प्रदेश सचिव, मुख्यमन्त्री तथा म.प. को कार्यालय | -सदस्य |
| प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय | -सदस्य |
| प्रदेश सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |

सुदूरपश्चिम प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली
नेपाल

पत्र संख्या:
चलानी नम्बर:

मिति:

प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य
प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य
सचिव, प्रदेश प्रमुखको कार्यालय -सदस्य
प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, कैलाली -सदस्य
सचिव, प्रदेश सभा सचिवालय -सदस्य
प्रमुख प्रशासकीय अधिकृत, धनगढी उपमहानगरपालिका - सदस्य
अध्यक्ष, कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन, कैलाली - सदस्य
प्रदेश सचिव (बैठक तथा प्रशासन महाशाखा), मुख्यमन्त्री तथा म.प. को कार्यालय -सदस्य सचिव

निर्णय नं.४

कैलाली जिल्लाको हकमा तपसिल बमोजिमको कार्यक्रम आयोजना गरी निजामती सेवा दिवस मनाउने निर्णय गरियो:-

क. मिति २०७९/५/१९ गते विहान ८:०० बजे जिल्ला प्रशासन कार्यालयको प्रांगणमा वृक्षारोपण सम्बन्धी कार्यमा सहभागी हुने र उक्त वृक्षारोपण सम्बन्धी कार्यको सम्पूर्ण व्यवस्थापन आपसी समन्वयमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गर्ने । सोही दिन सबै मन्त्रालय/ निकाय/ कार्यालयहरूले आ-आफ्नो कार्यालय परिसर सरसफाई कार्यक्रमको आयोजना गर्ने ।

ख. मिति २०७९/५/२० गते विहान ८:०० बजे सामाजिक विकास मन्त्रालयको प्रांगणमा रक्तदान कार्यक्रमको आयोजना गर्ने। उक्त कार्यक्रमको सम्पूर्ण व्यवस्थापन सामाजिक विकास मन्त्रालयले गर्ने।

ग. सम्बन्धित मन्त्रालय/निकाय/कार्यालयहरूले आफ्नो कार्यालयमा कार्यरत कर्मचारीहरूमध्येबाट उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने ।

घ. मिति २०७८/५/२१ गतेका दिन धनगढी कभर्ड हलमा खुल्ला डबल व्याडमिन्टन प्रतियोगिताको आयोजना गरी उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने टिमलाई क्रमशः रु. १० हजार, रु. ७ हजार र रु. ५ हजारका दरले पुरस्कार प्रदान गर्ने। पुरस्कार वापतको रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीले उपलब्ध गराउने। व्याडमिन्टन खेलको व्यवस्थापन सम्बन्धी अन्य कार्य निमित्त प्रदेश निर्वाचन अधिकारी श्री प्रेमराज भट्टले गर्ने ।

ङ. २०७९ भाद्र २२ गते विहान ७:०० बजे मूल समारोह समितका पदाधिकारी सहित सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रुपमा उपस्थित भई

सुदूरपश्चिम प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली
नेपाल

पत्र संख्या:
चलानी नम्बर:

मिति:

त्यहाँबाट सुरु हुने प्रभातफेरी कार्यक्रममा सहभागी हुने र उक्त प्रभातफेरी जिल्ला प्रशासन कार्यालयमा पुगी समापन गर्ने। प्रभातफेरी कार्यक्रममा सांस्कृतिक झाँकी प्रदर्शनको व्यवस्थापन कार्य सामाजिक विकास मन्त्रालयले गर्ने। उपस्थित कर्मचारीहरुको हाजिरीको व्यवस्था सम्बन्धित मन्त्रालय/निकायले मिलाउने। प्रत्येक मन्त्रालयहरूले व्यानर र प्लेकार्डको समेत व्यवस्था गर्ने।

च. व्याडमिन्टन खेलमा संलग्न निर्णायक मण्डल (४ जना) लाई प्रतिव्यक्ति रु. १५००/- र सहयोगी १ जनालाई रु.१०००/- पारिश्रमिकको व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीले गर्ने।

छ. व्याडमिन्टन खेलाडीहरु र प्रभातफेरी कार्यक्रममा सहभागी हुने कर्मचारीहरुको लागि टिसर्ट वितरण र सोको लागि आवश्यक पर्ने रकमको व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढीले गर्ने। प्रमाणपत्र छपाई, व्यानर छपाई, चियापन लगायतका अन्य कार्यहरुको लागि आवश्यक रकम व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कैलालीले गर्ने।

ज. उपरोक्तानुसारको वृक्षारोपण र प्रभातफेरी कार्यक्रममा सबै कर्मचारीहरुको सहभागिताका लागि प्रदेश मन्त्रालयहरु/आयोग/निकाय र जिल्ला प्रशासन कार्यालय, कैलालीलाई समेत अनुरोध गरी पठाउने।

(शेखर कुमार रोकाया)
शाखा अधिकृत

टेलिफोन : ०९१५२२५९८, ०९१५२३९५७, ०९१५२५९६१, ०९१५२३६८५, ०९१५२५३४३, फ्याक्स : ०९१५२५३४३, टोल फ्री नं. : १६६०९१५२२७२
Website:www.p7ocmcm.gov.np